# सार्वजनिक निकायमा खरिद सम्बन्धी कार्य गर्ने कर्मचारीको योग्यता निर्धारण मापदण्ड, २०७८

(सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७ को उपदफा (२) सँग सम्बन्धित)

**नेपाल सरकार (सचिवस्तर) निर्णय मितिः २०७८।३।१७**

**पृष्ठभूमिः** सार्वजनिक खरिद सम्बन्धी कार्यविधिलाई पारदर्शी, वस्तुनिष्ठ एवं विश्वसनीय बनाउन सार्वजनिक खरिद ऐन, २०६३ बमोजिमको कार्यविधि पुरा गरी खरिद सम्बन्धी कार्य गर्ने, गराउने मुख्य जिम्मेवारी सम्बन्धित सार्वजनिक निकायको प्रमुखको रहेको छ । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७ को उपदफा (२) मा सार्वजनिक निकायले खरिद सम्बन्धी कार्य गर्दा सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गरेको योग्यता भएको र खरिद कार्य सम्बन्धी ज्ञान भएको वा तालिम प्राप्त गरेको कर्मचारीबाट गराउनु पर्ने व्यवस्था रहेको छ । सार्वजनिक निकायको खरिद कार्यमा काम गर्ने कर्मचारीको न्यूनतम योग्यता निर्धारण गरी सबै सार्वजनिक निकायमा एकरुपता ल्याउने ध्येयले सार्वजनिक खरिद अनुगमन कार्यालयले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७ को उपदफा (२) बमोजिम सार्वजनिक निकायमा खरिद सम्बन्धी कार्य गर्ने कर्मचारीको योग्यता निर्धारण सम्बन्धी मापदण्ड जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** यो मापदण्डको नाम **"सार्वजनिक निकायमा खरिद सम्बन्धी कार्य गर्ने कर्मचारीको योग्यता निर्धारण सम्बन्धी मापदण्ड, २०७८"** रहेको छ ।

२. **खरिद महाशाखा, शाखा वा एकाईको गठनः** सार्वजनिक निकायले आफु अन्तर्गतको सार्वजनिक खरिद प्रयोजनका लागि खरिद एकाई प्रमुख समेत गरी सामान्यतया ३ देखि ५ जना रहने गरी खरिद एकाई गठन गर्नु पर्नेछ । खरिद एकाई गठन गर्दा सम्बन्धित सार्वजनिक निकायको कार्य प्रकृतिको आधारमा प्रशासनिक, प्राविधिक र लेखा सम्बन्धी काम गर्ने कर्मचारीमध्येबाट खरिद सम्बन्धी ज्ञान भएका वा तालिम लिएका कर्मचारीलाई समावेश गर्नुपर्नेछ । तर उक्त निकायको संगठन संरचनामा स्थायी रूपमा खरिद महाशाखा, शाखा वा एकाई रहेको छ भने सो महाशाखा, शाखा वा एकाईको प्रमुखको संयोजकत्वमा खरिद एकाई गठन गर्नुपर्नेछ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४७ बमोजिमको मूल्याङ्कन समितिका निर्धारित पदाधिकारी बाहेकका कर्मचारीहरु कुनै कारणवश सार्वजनिक निकायमा नरहेको वा न्यून संख्यामा कर्मचारी कार्यरत/पदस्थापना रहेको परिस्थितिमा सार्वजनिक निकायको प्रमुख बाहेक अन्य कर्मचारी मध्येबाट खरिद एकाई गठन गर्न सकिनेछ ।

३. **खरिद एकाई प्रमुख र सदस्यको योग्यताः** खरिद एकाईमा रही काम गर्ने कर्मचारीहरूका लागि देहाय बमोजिमका योग्यता हुनुपर्नेछ ।

(क) खरिद एकाई प्रमुखको योग्यताः खरिद एकाई प्रमुखको लागि देहाय बमोजिम योग्यता हुनुपर्नेछ ।

१. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४७ बमोजिमको मूल्याङ्कन समितिका निर्धारित पदाधिकारी बाहेकका कर्मचारी मध्येबाट वरिष्ठ कर्मचारीलाई खरिद एकाई प्रमुखको जिम्मेवारी तोक्नु पर्नेछ । तर उक्त

निकायको संगठन संरचनामा स्थायी रूपमा खरिद महाशाखा, शाखा वा एकाई रहेको छ भने सो महाशाखा, शाखा वा एकाईको प्रमुखलाई खरिद एकाई प्रमुखको जिम्मेवारी दिनुपर्नेछ ।

२. सार्वजनिक निकायको प्रमुखको पद जुन श्रेणी वा तहको रहेको छ, सामान्यतया सोभन्दा एक श्रेणी वा तह मुनिको कर्मचारीलाई खरिद इकाई प्रमुख तोक्नुपर्नेछ। यसरी तोक्न सम्भव नभएमा बढीमा दुई श्रेणी वा तह मुनिसम्मको कर्मचारीलाई खरिद एकाई प्रमुखको जिम्मेवारी प्रदान गर्न सकिनेछ । उदाहरणको लागि सार्वजनिक निकाय प्रमुख विशिष्ट श्रेणीको भएमा राजपत्राङ्कित द्वितीय श्रेणीको कर्मचारीलाई अथवा सार्वजनिक निकाय प्रमुख राजपत्राङ्कित प्रथम श्रेणीको कर्मचारी भएमा राजपत्राङ्कित तृतीय श्रेणीको कर्मचारीलाई खरिद एकाई प्रमुख भइ कार्य गर्न निर्धारण गर्न सकिनेछ ।

(ख) खरिद एकाईको सदस्यको योग्यताः खरिद एकाईको सदस्यको लागि देहाय बमोजिम योग्यता हुनुपर्नेछ ।

१. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४७ बमोजिमको मूल्याङ्कन समितिका निर्धारित पदाधिकारी बाहेकका साथै खरिद एकाई प्रमुख बाहेकका कर्मचारी मध्येबाट खरिद एकाईको सदस्यको जिम्मेवारी निर्धारण गर्नुपर्नेछ ।

२. खरिद एकाईको सदस्यको रूपमा सम्बनधित सार्वजनिक निकायको खरिद कार्यको प्रकृति हेरी निर्माण, परामर्श, मालसामान वा अन्य सेवाको खरिद प्रकृतिसँग मिल्ने कार्यक्षेत्रमा काम गरेका कर्मचारीलाई तोक्न प्राथमिकता दिनुपर्नेछ ।

३. सार्वजनिक निकायमा लेखा सम्बन्धी कर्मचारी एकभन्दा बढी रहेको अवस्थामा वरिष्ठ कर्मचारी मूल्याङ्कन समितिमा रहने नियमावलीको व्यवस्था अनुरुप मूल्याङ्कन समितिमा रहने र निजभन्दा कनिष्ठ लेखाको कर्मचारी खरिद एकाईमा राख्न सकिनेछ तर लेखा सम्बन्धी कर्मचारी एक जना मात्र कार्यरत रहेको अवस्थामा निज मूल्याङ्कन समितिमा सदस्य रहने भएकोले निजलाई खरिद एकाईको सदस्यको रुपमा जिम्मेवारी प्रदान गर्न पाईने छैन ।

४. **बोलपत्र मूल्याङ्कन समितिमा काम गर्ने कर्मचारीको योग्यता**ः बोलपत्र मूल्याङ्कन समितिमा काम गर्ने कर्मचारीको लागि देहाय बमोजिम योग्यता हुनुपर्नेछ ।

(क) बोलपत्र मूल्याङ्कन समितिको अध्यक्ष र सदस्यको योग्यता सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४७ को उपनियम (१) को (क) देखि (घ) सम्मको निर्धारित योग्यता बमोजिम हुनुपर्नेछ ।

(ख) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४७ को उपनियम (३) बमोजिम बोलपत्र मूल्याङ्कन समितिमा विशेषज्ञको रूपमा आमन्त्रण गर्दा उक्त विशेषज्ञ सम्बन्धित विषयसँग सम्बन्धित क्षेत्रमा कम्तिमा स्नातक उतीर्ण भएको हुनुपर्नेछ वा सम्बन्धित क्षेत्रमा कम्तीमा पाँच वर्ष कार्य अनुभव प्राप्त गरेको हुनुपर्नेछ ।

५. **खरिद सम्झौता व्यवस्थापन/कार्यान्वयनमा काम गर्ने कर्मचारीको योग्यता**ः खरिद सम्झौता व्यवस्थापन/ कार्यान्वयनमा काम गर्ने कर्मचारीको लागि देहाय बमोजिम योग्यता हुनुपर्नेछ ।

(क) खरिद सम्झौता बमोजिम कार्य गर्न सम्बन्धित निर्माण व्यवसायी, परामर्शदाता, आपूर्तिकर्ता वा सेवा प्रदायकसँग खरिद सम्झौता सम्पन्न भए पछि सम्झौता बमोजिम सार्वजनिक निकायको प्रतिनिधि भई कार्य सम्पादन गर्न सम्बन्धित सार्वजनिक निकायको प्रमुखले कर्मचारीलाई जिम्मेवारी प्रदान गर्दा उक्त कर्मचारी खरिद कार्यको प्रकृतिसँग मेल खाने विषयमा प्राविधिक ज्ञान वा अनुभव भएको हुनुपर्नेछ ।

(ख) उपदफा (क) बमोजिमको कर्मचारी सम्बन्धित सार्वजनिक निकायमा उपलब्ध नभएमा अन्य सार्वजनिक निकायको प्रमुखको स्वीकृतिमा उक्त सार्वजनिक निकायको त्यस्तो प्राविधिक ज्ञान वा अनुभव भएको कर्मचारीको सहयोग लिन सकिनेछ ।

६. **तालिम सञ्चालन र क्षमता विकासः** सार्वजनिक निकायको खरिद कार्यका लागि जिम्मेवारी प्रदान गरिएका कर्मचारीका लागि सामान्यतया प्रत्येक वर्ष अनुशिक्षण प्रदान गर्ने र प्रत्येक दुई वर्षमा खरिद सम्बन्धी आधारभूत तालिम वा खरिद सम्बन्धी अन्य तालिम प्रदान गरी सार्वजनिक निकायले कर्मचारीको क्षमता विकासमा प्राथमिकता दिनु पर्नेछ ।

७. **आन्तरिक नियन्त्रणः** खरिद कार्यमा संलग्न हुने कर्मचारी तोक्दा खरिद कार्यमा नियन्त्रण र सन्तुलनको पक्षलाई ध्यान दिई तोक्नुपर्नेछ । भुक्तानी तथा जाँच प्रक्रियामा संलग्न हुने कर्मचारी र खरिद इकाई प्रमुख छुट्टाछुट्टै हुनुपर्नेतर्फ यथासम्भव ध्यान दिनुपर्नेछ । यस प्रकारको प्रबन्ध हुन नसकी दोहोरो जिम्मेवारी दिनुपर्ने अवस्थामा सार्वजनिक निकायका प्रमुखबाट स्पष्ट कारण सहित निर्णय गरेको हुनुपर्नेछ ।

८. **स्वार्थ बाझिन नहुनेः** खरिद कार्यमा संलग्न हुने कर्मचारी खरिद कार्यमा स्वार्थ बाझिने गरी तोक्न पाईने छैन । स्वार्थ बाझिने देखिएमा सम्बन्धित कर्मचारीबाट स्वघोषणा गराई जिम्मेवारी दिन सकिनेछ ।